# मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१/१०/१९

पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको कायालय

**मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम संचालन**
कार्यविधि, २०८१

**प्रस्तावनाः**

पुतलीबजार नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, पिछडिएका वर्ग, एकल महिला, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपांङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक लगायतका नगरबासी नागरिकहरुको बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने अभिप्रायले आर्थिक वर्ष २०८१/०८२ मा मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना र शौचालय निर्माण सहयोग शिर्षकमा रकम विनियोजन भएको हुँदा सो कार्यक्रम कार्यान्वयन गर्न नगर कार्यपालिकाबाट यो "मेयर सँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" तर्जुमा गरी लागू गरिएको छ ।

परिच्छेद– १

संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहनेछ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ ।

(३) यो कार्यविधि पुतलीबजार नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "वडा" भन्नाले पुतलीबजार नगरपालिकाको १४ वटा वडालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले पुतलीबजार नगरकार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

धर्मराज ... 
प्रमुख प्रशासकीय अधिकृत

(घ) "वडा समिति" भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले पुतलीबजार नगरपालिकाको नगर प्रमुखलाइ सम्झनु पर्दछ ।

(च) "कार्यालय प्रमुख" भन्नाले प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "कार्यविधि" भन्नाले "मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" लाइ सम्झनु पर्दछ ।

(ज) "कार्यक्रम" भन्नाले मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रमलाइ सम्झनु पर्दछ ।

(झ) "अनुदान" भन्नाले मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रमबाट लाभग्राहीलाइ उपलब्ध गराइने रकम वा सामग्रीलाइ सम्झनु पर्दछ ।

(ञ) "लाभग्राही" भन्नालाले मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रमबाट सुविधा पाउनका लागि वडाबाट सिफारिस गरिएको व्यक्तिलाइ सम्झनु पर्दछ ।

(ट) "सामाग्री" भन्नाले यस कार्यविधि बमोजिम घर छाना तथा शौचालय निर्माण गर्दा प्रयोग गरिने रड, सिमेन्ट, जस्ता पाता, ट्वाइलेट प्यान, ताला कुन्नी जस्ता सामाग्रीलाइ सम्झनु पर्दछ ।

## परिच्छेद– २

## बजेटको व्यवस्था

३. बजेटको व्यवस्था : (१) मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना तथा शौचालय निर्माण सहयोग कार्यक्रम संचालनको लागि प्रत्येक आर्थिक वर्ष नगर सभाबाट आवश्यक रकम बिनियोजन गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम नगर सभाबाट विनियोजन भएको रकम यसै कार्यविधि अनुसार कार्यान्वयन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद– ३

## कार्यक्रममा लाभग्राही र कार्यक्रम कार्यान्वयन प्रक्रिया

**४. कार्यक्रममा समावेश हुने लाभग्राही :** (१) पुतलीबजार नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास भएका अति विपन्न वर्ग, एकल महिला, अल्पसंख्यक समुदाय, दलित, आदिवासी, जनजाति, पिछडिएको वर्ग, अपांङ्गता भएका व्यक्ति वा अति विपन्न वर्ग भनी वडा समितिबाट सिफारिस गरिएको व्यक्तिहरुलाई यस कार्यविधि अनुसारको लाभग्राही मानिनेछ ।

**५. कार्यक्रम कार्यान्वयन प्रक्रिया :** यो कार्यविधि कार्यान्वयनको हकमा दफ (४) बमोजिमका लाभग्राही कार्यक्रममा समावेश हुँदा देहाय अनुसार प्रक्रिया पुरा गर्नु पर्दछ ।

(१) दफा (४) बमोजिमका लाभग्राहीले कार्यक्रमबाट सुविधा लिनका लागि आफूले खाना, नाना र छाना वा शौचालय निर्माण सहयोग मध्ये कुन सुविधा लिन चाहेको हो सो विवरण खुलाई नागरिकताको प्रमाणपत्र वा विवरण खुल्ने कुनै सरकारी कागजातको प्रतिलिपी संलग्न गरी वडा कार्यालयमा लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयमा पेश भएको निवेदन दिने निवेदकले दफा ४ को (१) बमोजिमको लाभग्राही हो वा होइन भनी वडा समितिले छानविन गर्नु पर्नेछ । छानबिन गर्दा निज निवेदक यस कार्यविधि बमोजिम सुविधा पाउन योग्य देखिएमा सिफारिस सहित नगर प्रमुख समक्ष पेश गर्नु पर्दछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा लाभग्राहीलाई यस कार्यविधि अनुसार खाना, नाना र छाना वा शौचालय निर्माण संबन्धी सामाग्री वा रकम के उपलब्ध गराउनु पर्ने हो सो स्पष्टसँग खुलाई घर निर्माण वा शौचालय निर्माणको लागत अनुमान सहित सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस प्राप्त भएमा नगर प्रमुखले यस कार्यविधि अनुसार रकम वा सामाग्री के उपलब्ध गराउने हो त्यसको आदेश प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

(५) उपदफा (४) बमोजिम नगर प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको निवेदन लाभग्राहीलाई खाना, नाना र छाना वा शौचालय निर्माण संबन्धी सामाग्री उपलब्ध गराउने रहेछ भने सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको निवेदन विपन्न वर्ग खाना र नाना सहयोगको रहेछ भने बील भरपाई र घर निर्माण वा शौचालय निर्माण रहेछ भने प्राविधिकबाट कार्य सम्पंन्न भएको भनी गरिएको मूल्याङ्कन सहित बील भरपाई समावेश गरी लाभग्राहीले भुक्तानीका लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरिदिनु हुन भनी वडा कार्यालयमा निवेदन दिनु पर्दछ ।

(७) उपदफा (६) बमोजिम लाभग्राहीले दिएको निवेदनको अध्ययन, अवलोकन र अनुगमन गरी लाभग्राहीले भुक्तानीका लागि पेश गरेको निवेदन सहितका कागजात समावेश गरी वडा कार्यालयले भुक्तानीका लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गर्नु पर्दछ ।

## परिच्छेद– ४

## भुक्तानी प्रक्रिया र रकम

**६. भुक्तानी प्रक्रिया र रकम :** (१) दफा ५ बमोजिमको प्रक्रिया पुरा गरी पेश हुन आएको कागजातको अध्ययन गरी कार्यालयबाट लाभग्राहीलाई रकम दिने भए एकमुष्ठ रुपमा संबन्धित लाभग्रहीको खातामा र सामाग्री सहयोग भएमा संवन्धित लाभग्रहीलाई उपलब्ध गराउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम सामाग्री सहयोग भएमा मेयरसँग विपन्न वर्ग खाना, नाना र छाना कार्यक्रममा सहभागी हुने लाभग्रहीको हकमा बढीमा रकम रु २००००। र शौचालय निर्माण सहयोग कार्यक्रममा बढीमा रकम रु १५०००। मा नबढ्ने गरी उपलब्ध गराउनु पर्दछ ।

(३) उपदफा (१) बमोजिम हुने भुक्तानी घर छाना र शौचालय निर्माणमा रकम सहयोग भएमा निर्माण कार्यको प्राविधिक मूल्याङ्कनका आधारमा घर छाना निर्माण गर्दाको लागत रकम रु २००००। भन्दा कमी भएमा सोही बमोजिम र माथि भएमा रु २००००। मात्र र शौचालय निर्माण गर्दाको लागत रकम रु १५०००। भन्दा कमी भएमा सोही बमोजिम र माथि भएमा रु १५०००। मात्र उपलब्ध गराउनु पर्दछ ।

धर्मराज ...
प्रमुख प्रशासकीय अधिकृत

(४) उपदफा (३) मा जेसुकै भनिएता पनि दफा (४) बमोजिमको लाभग्राही दैवि प्रकोप/विपत्तिमा समेत परेको अवस्थामा कार्यपालिकाले निर्णय गरी उपदफा (३) मा भएको व्यवस्थामा थप रकम दिन बाँधा परेको मानिने छैन ।

परिच्छेद – ५

वडा समितिको काम, कर्तव्य र अधिकार

**७. वडा समितिको काम, कर्तव्य र अधिकार :** यो कार्यविधि कार्यान्वयनको हकमा वडा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(१) दफा ४ को (१) बमोजिमको लाभग्राही हो वा होइन भन्ने विषय एकिन गर्ने ।

(२) दफा ५ को उपदफा (२) बमोजिम पेश भएको निवेदन उपदफा (३) बमोजिम छानबिन गर्दा निज निवेदक यस कार्यविधि बमोजिम सुविधा पाउन योग्य देखिएमा सिफारिस सहित नगर प्रमुख समक्ष पेश गर्ने ।

(३) दफा ५ को उपदफा (३) बमोजिम नगर प्रमुख समक्ष गरेको सिफारिस दफा ५ को उपदफा (४) बमोजिम खाना, नाना र छाना वा शौचालय निर्माण के हो खुलाई पठाउने ।

(४) दफा ६ को उपदफा (३) बमोजिम भुक्तानीका लागि सिफारिस गर्ने ।

(५) आफ्नो वडा भित्र यो कार्यविधि बमोजिम भए सञ्चालनमा रहेका कार्यहरुको नियमित रुपामा अनुगमन निरीक्षण गर्ने गराउने ।

परिच्छेद – ६

अनुगमन, मूल्यांकन

**८. अनुगमन तथा मूल्यांकन :** (१) नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट यो कार्यक्रमको नियमित रुपमा अनुगमन मूल्यांकन गरिनेछ ।

परिच्छेद – ७

विविध

धर्मराज ... मुख्य प्रशासकीय अधिकृत

९. **दुरुपयोग गर्न नपाईने :** यस कार्यविधि बमोजिम उपलब्ध गराईएको अनुदान रकम जुन प्रयोजनका लागि उपलब्ध गराईएको हो सो प्रयोजन बाहेक अन्यत्र खर्च गरी दुरुपयोग गर्न पाईने छैन । दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

१०. **यो कार्यविधि बमोजिम हुने :** यो कार्यविधि लागु हुनु भन्दा पहिला यस कार्यविधि बमोजिमको बजेटबाट कार्यान्वयन हुने गरी गरिएको कार्य र कार्यालयमा पेश भएका कागजात यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

११. **संशोधन र खारेजी :** यो कार्यविधि आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्यनको सिलसिलामा कुनै दिविधा वा समस्या परेमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

प्रमाणित गर्नेः-

नामः तुलसीराम रेग्मी

पदः नगर प्रमुख

मितिः २०८१/१०/१९

धर्मराज दुङ्गाना

प्रमुख प्रशासकीय अधिकृत